# हिमा गाउँपालिका जुम्लाको छात्राबृत्ति वितरण सम्बन्धि कार्यविधि

## २०८०"

हिमा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

कालिकाखेतु, जुम्ला

CS CamScanner

हिमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कालिकाखेत, जुम्ला

स्वीकृत मिति: २०८०/११/१३

भाग-१

नेपालको संविधान २०७२ बमोजिम स्थानीय गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि, नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको ।

## हिमा गाउँपालिकाको छात्रवृत्ति वितरण सम्वन्धि कार्यविधि, २०८०"

**प्रस्तावना,**

हिमा गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने सामुदायिक विद्यालयको आधारभूत र माध्यमिक तहमा अध्ययन गरिरहेका वा सामुदायिक विद्यालयबाट कक्षा ८ उत्तिर्ण गरेका वा एस.ई.ई. उतिर्ण गरी साधारण वा प्राविधिक, उच्च शिक्षामा अध्ययनरत जेहेन्दार, द्वन्द्वपीडीत, गरिब तथा विपन्न एवं विपन्न दलित परिवारका विद्यार्थीहरु एवं अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने गाउँपालिकाको नीति अनुसार छात्रवृत्ति रकम लक्षित वर्गसम्म व्यवस्थित एवं पारदर्शी तरिकाबाट वितरण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हिमा गाउँ कार्यपालिकाले छात्रवृत्ति वितरण सम्वन्धि कार्यविधि, २०८० जारी गरेको छ ।

## परिच्छेद-२

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस कार्यविधिको नाम "छात्रबृत्ति वितेरण सम्वन्धि कार्यविधि, २०८०" रहेको छ,

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "गाउँपालिका" भन्नाले हिमा गाउँपालिका सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले हिमा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "अध्यक्ष" भन्नाले हिमा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

घ) "उपाध्यक्ष" भन्नाले हिमा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हिमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

च) "बालकल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ अनुसार पालिकामा बालबालिकाको क्षेत्रमा काम गर्न जिम्मेवारी तोकेको कर्मचारीलाई सम्झनु पर्छ ।

छ) "स्थानीय सरकार" भन्नाले हिमा गाँपालिका र नेपाल सरकारले तोकेको स्थानीय तहलाई सम्झनु पर्छ ।

ज) "छात्रवृत्ति" भन्नाले लक्षित वर्गलाई शिक्षा आर्जनका लागि सहायता पुग्ने गरी गाउँपालिकाबाट उपलब्ध गराइएको रकमलाई सम्झनु पर्छ ।

झ) "लक्षित वर्ग" भन्नाले यस गाउँपालिका भित्र स्थायी ठेगाना भएका सस्त्रयुद्ध एवं जन-आन्दोलनका सहिद परिवारका सन्तति, घाईते व्यक्तिका सन्तति, गरिब विपन्न परिवारका सन्तति, विपन्न दलित परिवारका सन्ततिलाई सम्झनु पर्छ ।

ञ) "समिति" भन्नाले कार्यविधि अनुसार गठित छात्रवृत्ति व्यवस्थापन समितिलाई जनाउने सम्झनु पर्छ ।

४. कार्यविधिको उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय वमोजिम रहेको छ ।

क) छात्रवृत्ति वितरणका लागि पारदर्शी र स्पष्ट आधारहरु तयार गर्ने ।

ख) छात्रवृत्ति रकम लक्षित वर्ग सम्प पुऱ्याउने ।

ग) शैक्षिक गुणस्तरमा सुधार गर्ने ।

## परिच्छेद-२

## छात्रवृति व्यवस्थापन समिति

५. छात्रवृत्ति व्यवस्थापन समितिः (१) गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्ति व्यवस्थापन गर्न देहायवमोजिम छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाका अध्यक्ष | -अध्यक्ष |
| ख) गाउँपालिकाका उपाध्यक्ष | -सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| ङ) बाल कल्याण अधिकारी | -सदस्य |
| च) बाल संजाल प्रतिनिधि | -सदस्य |
| छ) शिक्षा शाखा प्रमुख | -सदस्य सचिव |

२. छात्रवृत्ति व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः

क) छात्रवृत्ति वितरणका लागि सूचना प्रकाशन गर्ने,

ख) कार्यविधिले तोके बमोजिम निवेदन संकलन गरी बैठक बसी अंक प्रदान गर्ने,

ग) छात्रवृत्ति प्रदान गर्ने विद्यार्थीको नाम सिफारिस गर्ने,

घ) छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन गर्ने ।

ङ) छात्रवृत्ति बापतको रकम सिफारिस एवम वितरण गर्ने ।

च) छात्रावृत्ति प्राप्त गर्ने विद्यार्थिको नाम गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गरि पठाउने।

३) समितिले आफुलाई तोकिएको काम कर्तव्य र अधिकार मध्ये केही वा सबै काम गर्न कुनै सदस्य वा सदस्य सचिवलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

५) छात्रवृत्ति प्राप्त गर्न आवश्यक योग्यताः लक्षित वर्गले छात्रवृत्ति प्राप्त गर्न निम्न योग्यताको आवश्यकता पर्नेछ ।

क) प्राविधिक वा साधारण शिक्षा अध्ययनरत रहेको हुनु पर्नेछ ।

ख) शैक्षिक संस्थामा भर्ना भइ नियमित अध्ययन गरिरहेको हुनु पर्ने,

ग) आधारभूत र माध्यमिक तहमा नियमित रुपमा अध्ययनरत लक्षित वर्गको विद्यार्थी हुनु पर्ने ।

६) छात्रवृत्तिको लागि सूचना प्रकाशित गर्नु पर्नेः गाउँसभामा छात्रवृत्ति शिर्षकमा बजेट विनियोजित रकमबाट छात्रवृत्ति रकम वितरण गर्न कम्तीमा १५ दिनको म्याद राखी सूचना प्रकाशित गर्नु पर्नेछ।

७) छात्रवृत्तिका लागि विद्यार्थी छनौटः (१) छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा लक्षित वर्गभित्र एक आ.ब.मा प्राविधिक शिक्षा र साधारण शिक्षा तर्फ गाउँ कार्यपालिकाले तोकेको संख्यामा छनौट गर्न सकिनेछ ।

(२) दफा ६ बमोजिम प्रकाशित सूचना अनुसार पर्न आएका निवेदन अनुसार देहाय बमोजिम प्रत्येक तहका लागि १०० पुर्णाङ्क कायम गरी देहाय बमोजिमका दरले अंक प्रदान गरिनेछ ।

| क.स. | अंक प्रदान गर्ने आधारहरु | अंक |
|---|---|---|
| क | प्राविधिक तर्फ अध्ययन गरिरहेका विद्यार्थीहरुका लागि | |
| | द्वन्द्व पिडि/शहिद परिवार | १० |
| | महिला | १० |
| | अपांङ्ग | १० |
| | दलित | १० |
| | गरिब विपन्न तथा जेहेनदार | १५ |
| | SEE तथा आधारभूत तहमा अध्ययनरत | १५ |
| | DIPIOMA भन्दा माथिल्लो तहमा अध्ययनका लागि | ३० |
| | जम्मा पुर्णाङ्क | १०० |
| ख | साधारण शिक्षातर्फ अध्ययन गरिरहेका विद्यार्थीहरुका लागि १०० पुर्णाङ्क | |
| | द्वन्द्व पिडित/शहिद परिवार | १० |
| | महिला | १० |
| | अपाङ्ग | १० |
| | दलित | १० |
| | DIPIOMA भन्दा माथिल्लो तहमा अध्ययनका लागि | २० |
| | गरिब विपन्न तथा जेहेनदार | २० |
| | SEE तथा आधारभूत तहमा अध्ययनरत | २० |

३) उपदफा (२) बमोजिम अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई गाउँसभाबाट विनियोजित गरिएको बजेट शिर्षकबाट प्राविधिक शिक्षातर्फ अध्ययनरतका लागि प्राप्त निवेदनका आधारमा शैक्षिक तह अनुसार एक आ.ब.मा एक व्यक्तलाई एक पटक मात्र रकम उपलब्ध गराउने गरी गाउँ कार्यपालिकाले निर्णय गरे अनुसारको रकम उपलब्ध हुनेछ, साधारण शिक्षातर्फ अध्ययनरतका लागि एक आ.ब.मा एक व्यक्तिलाई एक पटक मात्र रकम उपलब्ध गराउने गरी गाउँ कार्यपालिकाले निर्ण गरे अनुसारको रकम उपलब्ध हुनेछ र प्राप्त निवेदन संलग्न कागजातको मुल्याङ्कनको आधारमा बढी अंक प्राप्त गर्नेहरुलाई छात्रवृत्ति प्रदान गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रति व्यक्ति बढीमा रु. १० लाख सम्म छात्रवृत्तिको रकम प्रदान गर्नका लागि छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय अनुसार गर्न सकिनेछ।

(५) छात्रवृत्ति व्यवस्थापन समितिले अध्ययनरत विद्यार्थीलाई बढीमा अध्ययन शैक्षिक खर्च बापत रु. १० लाख सम्मको रकम छात्रवृत्तिको रुपमा प्रदान गर्न सक्नेछ ।

(६) उपदफा (३) बमोजिम कुनै क्षेत्रतर्फ निवेदन नपरेमा सोही रकम प्रक्रियापुरा गरि अर्को क्षेत्रमा छात्रवृत्ति उपलब्ध गराइनेछ ।

८. छात्रवृत्ति प्राप्त नहुने: (१) दफा (७) मा जुनसुकै कुरा लेखएको भएतापनि देहायको अवस्थामा छात्रवृत्ति उपलब्ध हुने छैन ।

क) नियमित अध्ययन नगर्ने विद्यार्थी,

(ख) नेपाल सरकार वा अन्य निकायबाट छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थी,

(२) शिक्षण संस्थाले लिनेशुल्क भन्दा वढी छात्रवृत्ति उपलबध हुने छैन ।

९. छात्रवृत्ति प्राप्त गर्न संलग्न गर्नु पर्ने कागजातहरु:

(१) छात्रवृत्ति लिन इन्छुक विद्यार्थीहरुले देहाय वमोजिमका कागजात सूचनामा तोकिएको मिति भित्र गाउँपालिकामा बुझाउनु पर्नेछ ।

क) तोकिएको अनुसूची १ बमोजिमको ढाँचामा व्यक्तिगत निवेदन,

ख) शैक्षिक संस्थामा भर्ना भएको प्रमाणपत्रको कागजात,

ग) नियमित हाजिर भएको भनि शिक्षण संस्थाले प्रमाणित गरेको कागजात,

घ) अध्ययनरत तहभन्दा तल्लो तहको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

ङ) अपाङ्ग भएको भए परिचय पत्र,

च) शिक्षण संस्थाको भर्ना एवं शुल्क तिरेको रसिद,

छ) द्वन्दपिडित, शहिद परिवार, घाईते परिवार भए सो खुल्ने प्रमाणपत्र,



CamScanner

१०. छात्रवृत्ति रकम विद्यार्थीको वैंक खातामा भुक्तानी गरिनेछ:

(१) विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति सम्वन्धित विद्यार्थी वा उसको संरक्षकको वैंक खातामा जम्मा गरिनेछ ।

११. स्वयमसेवकको रुपमा काममा लगाउन सकिने: (१) छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थी लाई निशुल्क वा गाउँपालिकाले तोकेको रकममा पालिकामा स्वयमसेवकको रुपमा निश्चित समयका लागि काम गर्न लगाउने सकिनेछ ।

१२. विविध:

क) यो कार्यविधि जारी हुनुभन्दा अगाडि भए गरेका सम्पूर्ण कामकारवाही यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

ख) यो कार्यविधिको संसोधन वा कुनै दफा थप वा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

ग) यस कार्यविधिको संघीय कानूनमा बाझिएको खण्डमा स्वत: अमान्य भएको मानिनेछ ।

अनुसूची-१

छात्रवृत्तिको लागि दिईने निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू,
हिमा गाउँपालिका, जुम्ला ।

विषयः छात्रवृत्ति सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा हाल म ...................................................................................... विद्यालयमा/क्याम्पसमा/ विश्वविद्यालयमा ...................................................... कक्षा/तहमा ......................... वर्षमा अध्ययन गरिरहेको/रहेकी छु मेरो कमजोर आर्थिक अवस्थाको कारणले पढाइमा निरन्तरता दिन समस्या रहेकोले मलाई यस गाउँपालिकाबाट उपलब्ध हुने ............. .................................................................................. उपलब्ध गराइदिन हुन अनुरोध गर्दछु ।

निवेदक

नामः

ठेगानाः

दस्तखतः

मितिः

सम्पर्क नं.